# श्री ससकन्या सामुदायिक वन उपभोक्ता समूह

मर्स्याङ्दी गा.पा.-७, नयाँगाउँ, लमजुङ ।

<u>बोलपत्रद्वारा गोलिया तथा चिरान काठ लिलाम बिक्रीको सूचना ।</u>

*(प्रथम पटक प्रकाशित मिति २०८३/०४/२२)*

यस सामुदायिक वनमा चाँप प्रजातिका रुख कटान, मुछान, चिरान गर्दा उत्पादन भई मर्स्याङ्दी-७, डादीमा घाटगद्धी भएका तपसिल बमोजिमको काठ डिभिजन वन कार्यालयको च.नं. ८१ मिति २०८३/०४/२१ को लिलाम सहमति पत्र अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गर्नु परेकोले लिलाम हुने काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ । लिलाम प्रतिस्पर्धामा भाग लिन ईच्छुक काठ, दाउरामा आधारित सूचिकृत उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र बोलपत्र फाराम खरिद गरि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

<u>तपसिल</u>

१. वन पैदावारको विवरण

| लट नम्बर | प्रजाति | किसिम | ग्रेड | थान | परिमाण (क्यूफिट) | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|---|
| १ | चाँप | गोलिया | A | ६५ | १६६७।५८ | १८,१२,१३०।- | ७,२०,१८०।- |
| | | | B | ३४ | ४१६।९५ | | |
| | | | C | २२ | १०८।६३ | | |
| गोलिया काठ जम्मा | | | | १२१ | २१९३।१६ | | |
| १ | चाँप | चिरान | - | ११७ | ४१२।०० | | |

२. वोलपत्र फाराम दस्तुर, फाराम खरिद गर्ने अन्तिम मिति, पेश गर्नुपर्ने अन्तिम मिति र बोलपत्र खोल्ने मिति, समय र स्थान

(क) वोलपत्र फारम दस्तुरः प्रति फाराम रु. २,०००।- (पछि फिर्ता नहुने गरी) यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट र डिभिजन वन कार्यालय लमजुङबाट बैंक भौचर वा नंगदी रसिद मार्फत खरिद गर्न सकिनेछ ।

(ख) वोलपत्र खरिद गर्ने मिति र समयः २०८३/०४/२२ गते शुक्रबार देखि २०८३/०५/११ गते बिहीबार सम्म कार्यालय समय भित्र) (दिनको १० बजेदेखि ५ बजे सम्म) । अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट सम्म खरिद गर्न सकिनेछ ।

(ग) वोलपत्र पेश गर्ने मिति, समय र स्थानः २०८३/०५/१५ गते सोमबार दिनको १२ बजे सम्म उपभोक्ता समूह र डिभिजन वन कार्यालय, लमजुङमा पेश गर्न सकिनेछ । उल्लिखित समय पछि आएका बोलपत्र फारामलाई लिलाम प्रकृयामा समाबेश गरिने छैन ।

(घ) वोलपत्र खोल्ने मिति, समय र स्थानः पेश भएका बोलपत्रहरु मिति २०८३/०५/१५ गते सोमवार अपरान्ह ३ बजे सम्बन्धित बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि, सवडिभिजन वन कार्यालय, मर्स्याङ्दीका कर्मचारी र अन्य

सरकारी निकाय (वडा कार्यालय आदि) को प्रतिनिधिको रोहवरमा सा.व.उ.स.को कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट बोलपत्र खोलिनेछ ।

३. लिलाममा भाग लिन ईच्छुक बोलपत्रदाताले काठ दाउरामा आधारित उद्योग दर्ता/नविकरण तथा सूचीकृत प्रमाणपत्र, मूल्य अभिबृद्दि कर दर्ता वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, आ.व. २०८२/८३ को करचुक्ता भएको प्रमाणपत्र र कसैलाई आधिकारिक प्रतिनिधि. तोकेको भए सोको पत्र र निजको नागरिकता प्रमाणपत्र बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

४. वोलपत्र साथ कबुल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक, बेसीसहर शाखामा रहेको खाता नं. ३०४०१००००६४८०००१ मा जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि मान्य भएको बैंक ग्यारेन्टी पत्र (बिडबण्ड) पेश गर्नुपर्नेछ ।

५. बोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६. बोलपत्र लिलाम बिक्री सदर गर्ने नगर्ने अधिकार उपभोक्ता समूहको कार्यसमितिमा रहनेछ ।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिनभित्र सकारकर्ताले सकार गरेको रकम, संकलन खर्च, मूल्य अभिबृद्धि कर र प्रदेश सेवा शुल्क रकम समेत बुझाई लिलाम सकार गरेको काठ आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ ।

८. बोलपत्र सकार गरिएको रकम, संकलन खर्च, मू.अ.कर र प्रदेश सेवा शुल्क निर्धारित समय भित्र दाखिला नगरेमा व लिलाम सकार गरेको काठ लैजान ईन्कार गरेमा धरौटी स्वरुप दाखिला गरेको रकम जफत गरि नियमानुसार दोश्रो धेरै रकम सकार गर्ने फर्मको नाममा लिलाम सदर गरिनेछ ।

९. अन्य थप जानकारीको लागि उपभोक्ता समूहको कार्यालय, डिभिजन वन कार्यालय र सवडिभिजन वन कार्यालय, मर्स्याङ्दीम सम्पर्क राखी बुझ्न सकिनेछ ।

१०. यसमा उल्लिखित कुनै बिषयमा कुरा बाझिएमा वा अष्पष्ट भएमा प्रचलित वन ऐन, नियम तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

..................

डम्बर जंग गुरुङ

अध्यक्ष

सम्पर्क नं. ९८४६७६२५३४